फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-०६/२०७९/८०

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्थापना कार्यक्रम माग गर्ने सम्बन्धी सूचना।

दोस्रो पटक प्रकाशित मिति २०७९/०५/२९

मन्थली नगरपालिकाको संघीय सशर्त तर्फको आ.व. २०७९/८० को कार्यक्रम अनुसार **साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्थापना** कार्यक्रम सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषि फर्म, कृषक समूह, कृषि सहकारी, जल/वन उपभोक्ता समितिलाई यो सूचना प्रकाशन भएको मितिले १४ दिन (मिति २०७९/०६/११ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित वडा कार्यालय वा मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन सूचित गरिन्छ।

| क्र.सं. | कार्यक्रम विवरण | संख्या | क्षेत्रफल | बजेट रु. | अनुदानको विवरण |
|---|---|---|---|---|---|
| १ | सुन्तलाजात फलफूल बाली पकेट विकास कार्यक्रम | १ वटा | १४० रोपनी | १२,००,०००।- | परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम ५०% देखि १००% सम्म। |

**आवश्यक कागजातहरुः**

१. कार्यक्रम माग गर्ने सम्बन्धी अनुसुची-६ बमोजिम निवेदन।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
३. संस्थागत निर्णयको प्रतिलिपि।
४. प्रस्तावित पकेट क्षेत्रको जग्गा धनी पुर्जाको प्रतिलिपि।
५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा आ.व. २०७८/७९ मा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि। (कार्यक्रममा छनौट भएको खण्डमा सम्झौता मितिसम्म चालु आ.व. २०७९/८० को लागि अद्यावधिक गरेको पत्र पेश गर्नु पर्नेछ।)
६. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
७. सिंचाई, सडक, विद्युत, सेवा प्रदायक संस्था लगायतका पूर्वाधारहरुको विवरण।
८. तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुन सक्ने वा एउटै गाउँ/टोल/बस्ती/क्लष्टर विवरण।
९. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको पकेट स्थापना अनुसुची ६, ७ र १० बमोजिमको विवरण। (अनुसुचीहरु सम्वन्धित वडा कार्यालय वा नगरपालिकाको वेबसाइट www.manthalimun.gov.np बाट प्राप्त गर्न सकिन्छ।)

प्रमुख प्रशासकीय अधिकृत